# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, असार २० गते, २०८१ साल (सङ्ख्या ०४

## भाग २

गण्डकी प्रदेश सरकार

<u>सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको सूचना</u>

**मनकामना क्षेत्र विकास समिति (गठन) आदेश,२०८१**

गण्डकी प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम “मनकामना क्षेत्र विकास समिति (गठन) आदेश, २०८१” रहेको छ।

(२) यो आदेश प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा १० बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(घ) "मनकामना क्षेत्र" भन्नाले गोरखा जिल्लाको शहिद लखन गाँउपालिकाको वडा नं २ र ३ को क्षेत्र सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको मनकामना क्षेत्र विकास समिति सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

३. **संरक्षक:** (१) गण्डकी प्रदेशको मुख्यमन्त्री समितिको संरक्षक हुनेछ।

(२) संरक्षकले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

४. **समितिको गठनः** (१) पवित्र मनकामना क्षेत्रको सामाजिक, धार्मिक, आर्थिक र सांस्कृतिक पक्षको संरक्षण र सम्बर्धन गर्न मनकामना क्षेत्र विकास समिति नामको एउटा समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्य रहनेछन्;-

(क) मनकामना क्षेत्रको संरक्षण र विकासमा योगदान पुऱ्याएका वा पुऱ्याउन सक्ने व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) अध्यक्ष, शहिद लखन गाँउपालिका - सदस्य

(ग) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय - सदस्य

(घ) कार्यालय प्रमुख, जिल्ला मालपोत कार्यालय, गोरखा - सदस्य

(ङ) मुल पुजारी, मनकामना मन्दिर - सदस्य

(च) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, गोरखा - सदस्य

(छ) अधिकृत (राजश्व हेर्ने) प्रतिनिधि, आर्थिक मामिला मन्त्रालय - सदस्य

(ज) प्रमुख वा प्रतिनिधि, उद्योग वाणिज्य संघ मनकामना इकाइ - सदस्य

(झ) अध्यक्ष, मनकामना गुठी व्यवस्थापन समिति - सदस्य

(ञ) वडाध्यक्ष, शहिद लखन गाँउपालिका वडा नं २ र ३ - सदस्य

(ट) मनकामना क्षेत्रको विकास र संरक्षणमा योगदान पुऱ्याएका वा पुऱ्याउन सक्ने व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित ३ जना - सदस्य

(ठ) कार्यकारी निर्देशक - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) बमोजिम नियुक्त अध्यक्ष र खण्ड (ट) बमोजिम मनोनीत सदस्यको पदावधि ५ वर्षको हुनेछ र निजहरुको पुनः नियुक्ति हुन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा खण्ड (ट) बमोजिम मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा अध्यक्षलाई प्रदेश सरकारले र मनोनीत सदस्यलाई मन्त्रालयले जुनसुकै बखत हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (१) को खण्ड (क) बमोजिम समितिको अध्यक्ष नियुक्त नभएसम्मका लागि समितिको अध्यक्षको रुपमा मन्त्रालयको सचिवले कामकाज गर्नेछ।

५. **सदस्यको योग्यताः** देहायको योग्यता पुगेका व्यक्ति अध्यक्ष पदमा नियुक्त हुन वा सदस्य पदमा मनोनीत हुन योग्य मानिनेछः-

(क) नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) उच्च नैतिक चरित्र भएको,

(घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

६. **सदस्यको अयोग्यताः** देहायको व्यक्ति अध्यक्ष पदमा नियुक्त वा सदस्य पदमा मनोनीत हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) दफा ५ बमोजिमको योग्यता नभएको,

(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) भष्ट्राचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, कीर्ते वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

(च) साहुको दामासाहीमा परेको।

७. **पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा अध्यक्ष वा मनोनीत सदस्यको पद रिक्त हुनेछः-

(क) आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) पदावधि पूरा भएमा,

(ग) दफा ४ को उपदफा (३) बमोजिमको पदबाट हटाइएमा,

(घ) निजको मृत्यु भएमा ।

८. **समितिको काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मनकामना क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) मनकामना क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिसँग सहयोगको लागि समन्वय गर्ने,

(ग) मनकामना क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक विकासको निमित्त त्यस क्षेत्र भित्रका प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका मठ, मन्दिर, देवस्थल,

देवालय, धर्मशाला, विहार, सरोवर वा यस्तै प्रकारका ऐतिहासिक महत्त्वका प्राचीन स्थल तथा वस्तुहरुको खोजी, अन्वेषण, अनुसन्धान तथा संरक्षण गर्ने, गराउने,

(घ) मनकामना क्षेत्रभित्र पर्यटनका लागि उपयुक्त हुने स्थानहरुमा पर्यटन विकासको लागि आवश्यक कार्यक्रमहरु स्वीकृत गर्ने,

(ङ) मनकामना क्षेत्रभित्र कुनै स्थान विशेषको महत्त्व, गरिमा, मान्यता र संवेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरुमा गर्न नहुने कार्यहरु तोकी निषेध र नियन्त्रण गर्ने, गराउने,

(च) दफा १३ बमोजिम अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग जुटाउने,

(छ) मनकामना क्षेत्रभित्र प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन कायम राख्ने,

(ज) मनकामना क्षेत्रभित्रका शैक्षिक संस्था, अस्पताल, पूल, ढल, विद्युत, टेलिफोन, सडक जस्ता सार्वजनिक उपयोगका साधनहरु सुव्यवस्थित गर्ने व्यवस्था मिलाउने, फोहोरमैला हुन नदिने गरी स्वच्छता कायम गर्ने र सो क्षेत्रभित्रका नेपाल सरकारका सम्बन्धित कार्यालयहरु, स्थानीय निकायहरु र गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गर्ने,

(झ) मनकामना क्षेत्रभित्र गरिने भौतिक निर्माण सम्बन्धमा आवश्यक मापदण्ड तोक्ने र प्रचलित कानून बमोजिम घरजग्गा प्राप्त गर्न तथा विभिन्न कार्यको लागि जग्गा छुट्याउने कार्य गर्न व्यवस्था मिलाउने,

(ञ) मनकामना क्षेत्रको महत्त्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने, गराउने,

(ट) मनकामना क्षेत्रको योजनाबद्ध विकास गर्दा सुव्यवस्थित रुपले निर्माण र मर्मत सम्भार कार्य गर्ने, गराउने,

(ठ) मनकामना क्षेत्रभित्र सरकारी, गैर सरकारी र निजी क्षेत्रबाट सञ्चालन हुने विकास निर्माण कार्यहरु सञ्चालन गर्ने निकायहरुबीच समन्वय कायम गर्ने,

(ड) मनकामना क्षेत्रभित्रको पुरातात्विक महत्त्वका स्थानहरुलाई संरक्षित स्थान घोषणा गर्न सिफरिस गर्ने।

(ढ) यो आदेश बमोजिम समितिको उद्देश्य पुरा गर्न कुनै भौतिक संरचना हटाउनु पर्ने, भत्काउनु पर्ने, परिवर्तन गर्नु पर्ने वा नियन्त्रण गर्नु पर्ने भए सो गर्ने व्यवस्था मिलाउने,

(ण) मनकामना क्षेत्रको महत्त्व दर्शाउन सूचना प्रविधिको अधिक प्रयोग गरी आवश्यक प्रचार प्रसार गर्ने, गराउने,

(त) मनकामना क्षेत्रसँग सम्बन्धित पाण्डुलिपि, शिलालेख, ताम्रपत्र तथा मुद्रित सामग्रीको सङ्कलन र संरक्षण गर्ने, गराउने,

(थ) भक्तजन, तिर्थयात्री तथा दर्शनार्थीवाट मन्दिरमा प्राप्त दान दातव्य वा भेटी व्यवस्थापन गर्ने,

(द) मनकामना क्षेत्रको विकासका लागि स्रोत परिचालन गर्ने, दर्शनार्थीको व्यवस्थापनलाई सहज वनाउन विधि निर्माण एवम् कार्यान्वयन गर्ने,

(ध) यो आदेश बमोजिम समितिको उद्देश्य पूर्तिका लागि गर्नु पर्ने अन्य कार्यहरु गर्ने, गराउने।

९. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै समितिको सदस्य सचिवले बैठकको मिति, समय, स्थान र छलफल हुने विषयको सूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफु मध्येको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा सर्वसम्मतिमा निर्णय गरिनेछ। सर्वसम्मति हुन नसकेमा उपस्थित सदस्यको बहुमतबाट निर्णय गरिनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय अध्यक्षबाट प्रमाणित गराई सबै सदस्यहरुलाई पठाउनुका साथै अभिलेख राख्नु पर्नेछ।

(८) समितिको बैठकमा गोरखा जिल्ला प्रदेश सभा १ (१) निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्यलाई आमन्त्रित गर्नु पर्नेछ र समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा पदाधिकारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः** (१) समितिको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापन गर्न एक कार्यकारी निर्देशक रहनेछ।

(२) व्यवस्थापन, मानविकी, शिक्षा, कानून वा पर्यटन सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको नेपाली नागरिक कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि योग्य हुनेछ।

(३) कार्यकारी निर्देशक नियुक्ति गर्ने प्रयोजनका लागि देहाय बमोजिमको तीन सदस्यीय सिफारिस समिति रहनेछः-

(क) गण्डकी प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा अध्यक्षले तोकेको आयोगको सदस्य - संयोजक

(ख) मन्त्रालयको सचिव - सदस्य

(ग) मनकामना क्षेत्र विकास समितिको अध्यक्ष - सदस्य

(४) कार्यकारी निर्देशक छनौटका लागि अन्य प्रक्रिया सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिमको सिफारिस समितिले प्रतिस्पर्धाको आधारमा बढी अङ्क प्राप्त गर्ने तीन जना उमेदवारहरुलाई कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ र प्रदेश सरकारले तिन जनामध्येबाट एकजनालाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(६) उपदफा (५) बमोजिम नियुक्त कार्यकारी निर्देशकसँग मन्त्रालयले कार्य सम्पादन सम्झौता गर्नेछ।

(७) उपदफा (६) बमोजिमको कार्यसम्पादन सम्झौताका सूचक मन्त्रालयले निर्धारण गर्नेछ।

(८) कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा वा मनकामना क्षेत्रको हित विपरीत

काम गरेमा निजको पदावधि पूरा नहुँदै जुनसुकै बखत समितिको सिफारिसमा प्रदेश सरकारले कार्यकारी निर्देशक पदबाट हटाउन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम कार्यकारी निर्देशकको पदबाट हटाउनु पूर्व निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(११) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपदफा (८) बमोजिमको पदावधि पूरा भएमा,

(ग) उपदफा (९) बमोजिम पदबाट हटाइएमा,

(घ) साठी वर्ष उमेर पूरा भएमा,

(ङ) निजको मृत्यु भएमा ।

(१२) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारको नवौं तहको अधिकृत सरह हुनेछ।

(१३) यस दफा बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म मन्त्रालयले तोकेको नवौं/दशौं तहको अधिकृतस्तरको कर्मचारीले कार्यकारी निर्देशकको रुपमा कामकाज गर्नेछ।

११. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ग) वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने,गराउने,

(घ) समितिको काम कारबाहीको सम्बन्धमा विभिन्न निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) मनकामना क्षेत्रको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने, गराउने,

(च) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) समितिको लेखा उत्तरदायी अधिकृतको रुपमा काम गर्ने,

(ज) समितिले तोकेका अन्य काम गर्ने, गराउने।

१२. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) समितिको कार्य सम्पादनका लागि आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिम समितिमा रहने कर्मचारीको संगठन र दरबन्दी प्रदेश सरकारको स्वीकृति लिई समितिले निर्धारण गरे बमोजिम हुनेछ।

तर नयाँ दरबन्दी सिर्जना गर्दा वा थप आर्थिक दायित्व सिर्जना हुने गरी दरबन्दी हेरफेर गर्दा प्रदेश सरकारको आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत दरबन्दीमा मन्त्रालयले कर्मचारी खटाई कामकाजमा लगाउन सक्नेछ।

१३. **समितिको कोषः** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(ग) प्रवेश शुल्क वापतको रकम,

(घ) भक्तजन, तीर्थयात्री तथा दर्शनार्थीद्वारा दान वा भेटी स्वरुप समितिमा दाखिला गरेको नगद रकम वा जिन्सी,

(ङ) विदेशी सरकार,सङ्घ, संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग वा अनुदान रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको रकम स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नु पर्नेछ।

(५) कोषमा प्राप्त रकम नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको इजाजत प्राप्त कुनै बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गर्नु पर्नेछ।

(६) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट गर्नु पर्नेछ।

(७) कोषको खाता कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

१४. **लेखा र लेखा परीक्षणः** (१) समितिको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) समितिको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालय वा उक्त कार्यालयले तोकेको लेखा परीक्षकबाट गर्नु पर्नेछ।

(३) मन्त्रालयले समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच गर्न सक्नेछ।

१५. **उप-समिति वा कार्यदल गठन गर्न सक्ने:** (१) समितिले आफ्नो काम सुचारु रुपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समेत रहेको बढीमा पाँच सदस्य रहेको उप-समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **बैठक भत्ता:** समिति, सल्लाहकार समिति, उपसमिति वा कार्यदलका सदस्य तथा विज्ञले पाउने बैठक भत्ता प्रदेश सरकारको खर्चको मापदण्ड, २०७९ बमोजिम हुनेछ।

१७. **वार्षिक प्रतिवेदन पेश गर्ने:** (१) समितिले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) समितिबाट आर्थिक वर्षभित्र सम्पादन गरेका कामको संक्षिप्त विवरण,

(ख) नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र उपलब्धि,

(ग) आम्दानी र खर्च,

(घ) लेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित संक्षिप्त व्यहोरा,

(ङ) काम कारबाही गर्दा देखिएका मुख्यमुख्य समस्या र समाधानका लागि गरिएको प्रयास,

(च) आगामी योजना तथा कार्यक्रम,

(छ) समितिले उपयुक्त ठहऱ्याएको अन्य विवरण ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालय आँफैले वा मन्त्रालयको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ ।

१८. **अधिकार प्रत्यायोजनः** (१) समितिले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष वा कार्यकारी निर्देशकले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिको अधिकृतस्तरको कर्मचारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१९. **समितिको कार्यालयः** समितिको कार्यालय मनकामना क्षेत्रभित्र मन्त्रालयले तोकेको स्थानमा रहनेछ।

२०. **निर्देशन दिनेः** मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२१. **प्रदेश सरकारसँग सम्पर्कः** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

२२. **नियम बनाउने अधिकारः** (१) यो आदेशको कार्यान्वयन गर्न समितिले आवश्यकता अनुसार नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले बनाएको नियम प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

२३. **बचाउः** (१) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।१०।२५ को निर्णय अनुसार खारेज भएको मनकामना विकास समिति (गठन) आदेश, २०५३ बमोजिमको गठित समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा दायित्व यसै आदेश बमोजिम गठन हुने समितिमा सर्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश अन्तर्गत समितिले सम्पादन गरेका काम कारवाही यसै आदेश बमोजिम सम्पादन भए गरेको मानिनेछ।

आज्ञाले,<br>
प्रकाश पौडेल<br>
प्रदेश सरकारको सचिव